कृषि विकास बैंक लिमिटेड

सत्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०८ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस बैंकको मिति २०८०/११/०७ गते ८:३० बजे विहान बसेको सञ्चालक समितिको बैठक नं १०७९ को निर्णयानुसार यस बैंकको सत्रौ वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थिति लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थानः

(१) मिति : २०८०/११/३० गते बुधवार (13th March, 2024)
(२) समय : विहान ११:०० बजे
(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रिय तालिम प्रतिष्ठान बोडे, भक्तपुर ।

छलफलका विषयहरूः

(क) सामान्य प्रस्तावहरू :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, ईक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू छलफल गरी पारित गर्ने ।
(३) यस बैंकको सहायक कम्पनीहरू कोष व्यवस्थापन कम्पनी लि. तथा गोबर ग्याँस कम्पनीको आ.व. २०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गर्ने ।
(४) आर्थिक वर्ष २०८०/०८१ को लागि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त भएका लेखापरीक्षकहरूलाई यस बैंकको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।

(ख) विशेष प्रस्तावहरू :

(१) प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध

वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) बैंकको सत्रौं वार्षिक साधारणसभा सम्पन्न गर्ने प्रयोजनका लागि मिति २०८०/११/१७ देखि २०८०/११/३० गते सम्म बैंकको शेयरधनी दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो मिति भन्दा अघिल्लो दिन अर्थात मिति २०८०/११/१६ गते सम्म कारोबार भई यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यो सभामा भाग लिन पाउने छन् ।
(२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरको भौतिक प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्बर सहित सक्कल नागरिकताको प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ । शेयर अभौतिकीकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा डिम्याट खाता नम्बर र सक्कल परिचयपत्र प्रस्तुत गर्नु पर्नेछ । शान्ति-सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा यथाशक्य झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।
(३) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु यस बैंकको Website: *www.adbl.gov.np* बाट प्राप्त गर्न सकिने छ । साथै, यस सम्बन्धी विवरणहरु बैंकको मुख्य कार्यालय, रामशाहपथ काठमाडौं र शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट समेत शेयर प्रमाणपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नुहुनेछ ।
(४) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ ।
(५) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु हुन अनुरोध छ ।
(६) सभा शुरु हुने भनी तोकिएको दिन भन्दा कम्तीमा ४ (चार) दिन अर्थात ९६ घण्टा अगावै बैंकको कम्पनी सचिवालयमा कार्यालय समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरेको अवस्थामा "मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस्" भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन ।
(७) नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउँनेछन् ।
(८) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः बदर हुनेछ ।
(९) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस बैंकको शेयर खरिद गरेको अवस्थामा बैंकको प्रबन्धपत्र तथा नियमावलीको अधीनमा रही त्यस्तो संगठीत संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनीत गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ ।
(१०) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान १०:०० बजेदेखि खुला रहने छ । शेयरधनी नम्बरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरुले आफ्नो शेयरधनी नम्बर वा BOID नम्बर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध छ ।
(११) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको मुख्य कार्यालय रामशाहपथ, काठमाडौं स्थित कम्पनी सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं
फोन नं. ०१-४२६४०१६

कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत कृषि विकास बैंक लिमिटेडको संक्षिप्त वार्षिक आर्थिक विवरण

आर्थिक वर्ष २०७९/०८०
(प्रथम पटक प्रकाशित मितिः २०८०/११/८)

आदरणीय शेयरधनी महानुभावहरु, कृषि विकास बैक लिमिटेडको मिति २०८०/११/३० मा सम्पन्न हुने सत्रौं वार्षिक साधारणसभाको प्रयोजनार्थ बैंकको आर्थिक वर्ष २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत बैंकको आर्थिक कारोबारको सिंहावलोकन, भविष्यका योजनाहरु र लेखापरीक्षकबाट लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरुका सम्बन्धमा संचालक समितिको निर्णय निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत यहाँहरुलाई जानकारी गराउँदछौं ।

बैंकको कारोवार तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०७९/८० र चालु वर्षको पौष मसान्तसम्मको कार्य सम्पादनको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । कृषि विकास बैंक लि. समूहको वित्तीय विवरणमा ९२.८९ प्रतिशत स्वमित्व भएको सहायक कम्पनी कोष व्यवस्थापन लिमिटेडको वित्तीय विवरण संलग्न गरी प्रस्तुत गरिएको छ । बैंकको ८३.९६ प्रतिशत स्वामित्व रहेको गोबर ग्यास कम्पनीमा लगानी भएको रु. ३२ लाख ४१ हजारको शत प्रतिशत नोक्सानी व्यवस्था गरिएको छ । कोष व्यवस्थापन कम्पनीको आर्थिक वर्ष २०७९/०८० मा रु. १ करोड ६२ लाख नाफा भएको र शेयरधनी कोषमा रु. २३ करोड ८१ लाख कायम रहेको छ । सो कम्पनीमा बैंकले रु. २ करोड ८८ लाख ४० हजार लगानी गरेर रु. २२ करोड ११ लाख ६१ हजारको खुद सम्पत्ति नियन्त्रण गरेको छ भने रु. १ करोड ६९ लाख ३२ हजार बराबरको गैर नियन्त्रित स्वार्थ रहेको छ । आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्तमा बैंकको निक्षेप रकममा १५.४६ प्रतिशतले वृद्धि भई रु. २०१ अर्ब ५८ करोड पुगेको, कर्जा तथा सापटमा २.४८ प्रतिशतले वृद्धि भई रु. १८२ अर्ब ८२ करोड पुगेको छ भने सोही अवधिमा बैंकको लगानी रकममा २४.०४ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ३८ करोड कायम भएको छ । कुल कर्जा तथा सापटमा निष्कृय कर्जाको अनुपात गत आर्थिक वर्षको २.०९ प्रतिशतमा वृद्धि भई आर्थिक वर्ष २०७९/८० को वर्षान्तमा २.७८ प्रतिशत कायम हुन पुगेको छ । आर्थिक वर्ष २०७८/७९ मा जोखिम भारित सम्पत्तिमा कुल पुंजी कोष अनुपात १५.५९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्तमा १४.२४ प्रतिशत कायम रहेको छ । आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्तमा बैंकको शेयरधनी (अग्राधिकार शेयर पूँजीवाहेक) कोषमा १.५६ प्रतिशतले वृद्धि भई रु. २८ अर्ब ३६ करोड कायम रहेको छ । त्यसैगरी खुद ब्याज आम्दानी गत आर्थिक वर्षको तुलनामा १.९२ प्रतिशतले कमी भई रु. ८२० करोड पुगेको छ । बैंकको वित्तीय अवस्थाको विश्लेषण गर्दा कुल निक्षेप २०८० साल आषाढ मसान्तमा रु. २०१ अर्ब ५८ करोड रहेकोमा २०८० साल पौष मसान्तमा उक्त रकममा रु. २८ अर्ब ४६ करोडले वृद्धि भई रु. २३० अर्ब ४ करोड पुगेको छ । कर्जा तर्फ २०८० आषाढ मसान्तमा बैंकको लगानीमा रहेको कर्जा रु. १८२ अर्ब ८२ करोड रहेकोमा २०८० पौष मसान्तमा उक्त रकममा ९ अर्ब ३३ करोड अर्थात ५.१ प्रतिशतले वृद्धि भई रु. १९२ अर्ब १४ करोड कायम रहेको छ । बैंकले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएका लक्ष्यहरु हासिल हुने गरी कार्यक्रम संचालन गरेको छ ।

आ.व. २०७९/८० मा बैंकको प्रगति विवरण (रु. हजारमा)

वार्षिक परिणामहरु	इकाई	आ.व. २०७९/८०	आ.व. २०७८/७९	फरक / वृद्धि %
खुद ब्याज आम्दानी	रु. हजारमा	८,१९५,६५९	८,३५५,९४०	-१।९२
कुल संचालन आम्दानी	रु. हजारमा	९,६०१,१७९	९,७६६,३४४	-१।६९
संचालन मुनाफा	रु. हजारमा	३,०३९,५०५	३,६०४,४०५	-१५।६७
वर्षान्तको अवस्था				
शेयरधनी कोष	रु. हजारमा	२८,३६०,९४१	२७,५९८,३६०	२।७६
निक्षेप	रु. हजारमा	२०१,५८२,५३४	१७४,५८९,००९	१५।४६
कुल कर्जा तथा सापट	रु. हजारमा	१८२,८१५,०७३	१७८,३९७,८९८	२।४८
कुल लगानी	रु. हजारमा	५८,३८३,५०८	४७,०६७,८३०	२४।०४
कुल सम्पत्ति	रु. हजारमा	२६५,६७०,९७९	२४६,१८४,२४३	७।९२
प्रति शेयर सूचना				
शेयर पुंजीमा लाभांश (नगद समेत)	**प्रतिशत**	०	१३	-१००।००
वर्षान्तमा प्रति शेयर किताबी मूल्य	रु. मा	२१०।८४	२०९।२७	०।७५
वित्तीय अनुपातहरु				
स्थिर सम्पत्तिमा संचालन मुनाफा	प्रतिशत	१२५।१०	१४६।८३	-१४।८०
कर्जा सम्पत्तिको अनुपातमा मुनाफा	प्रतिशत	०।७२	१।२५	-४२।०९
कुल सम्पत्तिको अनुपातमा मुनाफा	प्रतिशत	०।५०	०।९०	-४४।६५
जोखिम भारित सम्पत्तिमा प्राथमिक पूंजीको अनुपात	प्रतिशत	१२।२४	१३।६२	-१०।१३
जोखिम भारित सम्पत्तिमा कुल पूंजीको अनुपात	प्रतिशत	१४।२४	१५।५९	-८।६६
निष्कृय कर्जाको कुल कर्जासँगको अनुपात	प्रतिशत	२।७८	२।०९	३३।०१

शेयरधनी कोष गणनामा अग्राधिकार शेयर पूँजी समावेश गरिएको छैन ।

भविष्यका योजनाहरु

यस बैंकको भविष्यका योजनाहरु निम्नानुसार रहेका छन् ।

(१) बैंकले प्रवाह गर्ने सेवालाई छिटो, छरितो र ग्राहकमुखी बनाउन विशिष्टीकृत सेवाको लागि कार्यालयहरु किटान गरी क्रमिक रुपमा सेवा विस्तार गरिने छ । ग्राहकमुखी सेवा सुदृढिकरणका लागि केन्द्रिय कार्यालयमा Service Excellence Center स्थापना गरी निरन्तर रुपमा अनुगमन गरिने छ ।
(२) कर्जा प्रवाह, स्वीकृती र कागजात व्यवस्थापन प्रकृयालाई छिटो, छरितो, सहज बनाई गुणस्तर बृद्धिगर्न तथा केन्द्रिय/प्रादेशिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउन कर्जा व्यवस्थापन संरचनामा आवश्यक परिवर्तन/परिमार्जनका साथै Document Management System (DMS) तथा Credit Processing System सम्बन्धी Software लाई आवश्यकता अनुसार अद्यावधिक गरी कार्यान्वयन गरिने छ ।
(३) बैंकिङ व्यवसायमा अन्तर्रनिहीत जोखिमहरूको पहिचान, मापन, अनुगमन, नियन्त्रण र न्यूनीकरण गर्दै सरल, शिघ्र, सुरक्षित, प्रतिस्पर्धी एवं नाफामुलक सेवा संचालन गरिनेछ ।
(४) Green Financing को अवधारणा अनुरुप वातावरण अनुकुल कर्जा प्रवाह नीति क्रमशः अवलम्बन गर्दै लगिनेछ ।
(५) ग्रामीण अर्थतन्त्र, वैदेशिक रोजगार र उद्यमशीलतामा संलग्न अधिकांश नागरिकसम्म विद्युतीय वस्तु एवं सेवाको पहुँच पुऱ्याउन Digital Literacy for Financial Inclusion भन्ने नाराका साथ Digital Financinal Literacy Program का साथै Digital Products को विकास र विस्तार गरि कार्यक्रम संचालन गरिनेछ ।
(६) सम्भाव्यताको आधारमा कृषि, जलविद्युत, पर्यटन तथा अन्य क्षेत्रका ठूला परियोजनाहरुमा लगानी विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
(७) कुल निक्षेपमा स्थायी प्रकृतिको न्यून लागतको निक्षेप भार वृद्धि गर्दै निक्षेपको मिश्रणलाई भरपर्दो तथा दिगो बनाउने नीति लिई कार्यक्रम संचालन गरिने छ ।
(८) भारत लगायत तेस्रो मुलुकबाट विप्रेषण आप्रवाहलाई प्रभावकारीरुपमा बैंकिङ्ग प्रणाली मार्फत कारोवार बढाउने कार्यलाई निरन्तरता दिईनेछ ।
(९) विदेशी मुद्रा कारोवारबाट हुने आम्दानी बढाउनको लागि ट्रेड फाईनान्स (प्रतित पत्र) कारोवार बढाउन जोड दिईने छ ।
(१०) बैंकले विभिन्न दातृ निकाय तथा एजेन्सीसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कम लागतको दीर्घकालीन पूँजी स्रोत परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ ।
(११) संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कार्यक्रमहरु संञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
(१२) व्यवसायिक संभावना भएका अधिक आर्थिक कारोबार हुने मालपोत, राजश्व, अस्पताल, विश्वविद्यालय जस्ता निकायहरूसँग व्यवसायीक सम्बन्ध विस्तार गरी निक्षेप संकलन गरिने छ ।
(१३) अगुवा बैंकको रुपमा कृषि क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै जोखिम न्यूनीकरण हुने गरी गुणस्तरीय कर्जा विस्तारमा जोड दिइनेछ ।
(१४) नियमहरुको परिपालना गरी दीगो रुपमा प्रतिस्पर्धात्मक आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्ने सम्बन्धमा बैंकले प्रयोग गर्दै आएको Core Banking System (CBS) लाई थप सुरक्षित बनाउन Cyber Security का राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Best Practices अपनाई भरपर्दो, सवल, विश्वसनीय र जोखिम रहित गराउने कार्यलाई प्राथमिकता दिई तदनुरुपका कार्यहरुको थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
(१५) नेपाल सरकारले कार्यान्वयनमा ल्याएको डिजिटल नेपाल फ्रेमवर्कको मर्म अनुरुप सबै प्रकारका वित्तीय कारोवारको भुक्तानी विद्युतीय माध्यमबाट गर्न प्रोत्साहित गरिनेछ ।
(१६) भुक्तानी प्रणालीको विकास सम्बन्धी सूचकहरु (Payment Systems Indicators- PSID) प्रयोग थप प्रभावकारी बनाइनेछ ।

वित्तीय अवस्थाको विवरण (वासलात)

सम्पत्ति	समूह		बैंक	
	यस वर्ष रु.	गत वर्ष रु.	यस वर्ष रु.	गत वर्ष रु.
नगद तथा नगद सरह	९,४६३,०५०,४१६	६,५६०,५३०,०९१	९,४६२,४२१,०९२	६,५५९,९००,७६७
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	७,०९६,४९५,८८४	६,२०८,९४८,७४६	७,०९६,४९५,८८४	६,२०८,९४८,७४६
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	-	१२७,९००,०००	-	१२७,९००,०००
डेरीभेटिभ् वित्तीय साधनहरु	१७,५८८,४४८	१०३,८८०,०००	१७,५८८,४४८	१०३,८८०,०००
अन्य व्यापारिक सम्पत्ति	१,०१४,३९९,७६४	१,०९९,०३६,९२२	९४३,६५२,८००	१,०४७,४८८,९७८
बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा तथा सापट	४,१३४,५४३,०००	४,१२३,६८०,३९६	४,१३४,५४३,०००	४,१२३,६८०,३९६
ग्राहकलाई प्रदान गरिएको कर्जा तथा सापट	१७६,३०३,५६८,१२८	१७३,३१४,९७२,३८१	१७६,३०३,५६८,१२८	१७३,३१४,९७२,३८१
धितोपत्रमा गरिएको लगानी	५७,६२१,३४०,१११	४५,९५३,६०५,३०७	५७,४११,०१५,१६५	४५,९२२,११६,८९९
चालु कर सम्पत्ति	२७८,३१०,०५२	७५९,२०५,५२९	२७६,७०६,१८४	९६६,३१५,७६०
सहायक कम्पनीहरुमा गरिएको लगानी	-	-	२८,८४०,०००	२८,८४०,०००
एसोसियट्समा गरिएको लगानी	-	९१४,७८१,६१३	-	६९,३८४,०००
सम्पत्तिमा गरिएको लगानी	२४८,६४९,५५५	२५२,५९२,२४६	२४८,६४९,५५५	२५२,५९२,२४६
सम्पत्ति तथा उपकरण	२,२९३,४१२,२९२	२,२२७,३८८,३३३	२,२९१,०६६,०४९	२,२२५,०८४,१७२
ख्याती तथा अमूर्त सम्पत्ति	१३८,५९०,०७४	२२९,७६६,७०४	१३८,५९०,०७४	२२९,७६६,७०४
स्थगन कर सम्पत्ति	-	३९,९९२,४८९	-	५२,१५२,०२८
अन्य सम्पत्ति	७,३१९,२५१,५४३	४,९५१,८५२,९७१	७,३१७,८४२,६४८	४,९५१,२१९,८५९
कुल सम्पत्ति	**२६५,९२९,१९९,२६७**	**२४६,८६८,१३३,७२९**	**२६५,६७०,९७९,०२७**	**२४६,१८४,२४२,९३६**
दायित्व	**समुह**		**बैंक**	
	यस वर्ष रु.	**गत वर्ष रु.**	**यस वर्ष रु.**	**गत वर्ष रु.**
बैंक/वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम	२,०९५,९१९,९८७	७,९९८,७४२,४०७	२,०९५,९१९,९८७	७,९९८,७४२,४०७
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	४,५७१,१७८	९,७८१,७०८,३१०	४,५७१,१७८	९,७८१,७०८,३१०
डेरीभेटिभ् वित्तीय साधनहरु	-	-	-	-
निक्षेप दायित्व	१९९,४६७,१३९,५८६	१६६,५७०,८०५,१५७	१९९,४८६,६१३,५६७	१६६,५९०,२६६,२१६
सापट	२,१३६,५६३,७८४	१,७७७,२११,५१२	२,१३६,५६३,७८४	१,७७७,२११,५१२
चालु कर दायित्व	-	-	-	-
व्यवस्थाहरु	-	-	-	-
स्थगन कर दायित्व	५४५,४६३,७९७	-	४८४,३५८,४९२	-
अन्य दायित्व	७,२०३,१०४,३२१	६,२०८,६६७,१५७	७,१९५,७६८,७१८	६,२१०,२४१,९९१
जारी गरिएको ऋणपत्र	२०,४७३,५३०,२६३	२०,४६९,०३७,५२९	२०,४७३,५३०,२६३	२०,४६९,०३७,५२९
सुरक्षण नराखिएको सहायक दायित्व	-	-	-	-
कुल दायित्व	**२३१,९२६,२९२,९१६**	**२१२,८०६,१७२,०७१**	**२३१,८७७,३२५,९८९**	**२१२,८२७,२०७,९६५**
इक्विटी				
शेयर पूँजी	१८,८८४,३८६,०७८	१८,६२०,६२७,७६३	१८,८८४,३८६,०७८	१८,६२०,६२७,७६३
शेयर प्रिमियम	-	-	-	-
सञ्चित मुनाफा	१,३१०,९८६,८३६	४,२१९,४१२,६३४	१,२४३,१६८,६१३	३,५२१,७९२,३०८
कोषहरु	१३,७९०,६०१,२६६	११,२१५,६२१,६११	१३,६६६,०९८,३४७	११,२१४,६१४,९००
शेयरधनीहरुको कुल हित	**३३,९८५,९७४,१८०**	**३४,०५५,६६२,००७**	**३३,७९३,६५३,०३८**	**३३,३५७,०३४,९७१**
अल्पसंख्यक समूहको हित	१६,९३२,१७१	६,२९९,६५०		
कुल इक्विटी	**३४,००२,९०६,३५१**	**३४,०६१,९६१,६५८**	**३३,७९३,६५३,०३८**	**३३,३५७,०३४,९७१**
कुल इक्विटी र दायित्व	**२६५,९२९,१९९,२६७**	**२४६,८६८,१३३,७२९**	**२६५,६७०,९७९,०२७**	**२४६,१८४,२४२,९३६**
सम्भावित दायित्व तथा प्रतिवद्धता	१२२,०५२,९०५,०७३	१०९,१३३,३९५,९९९	१२२,०५२,९०५,०७३	१०९,१३३,३९५,९९९
प्रति शेयर खुद सम्पत्ति मूल्य	**२१२।२७**	**२१४।५७**	**२१०।८४**	**२०९।२७**

नाफा/नोक्सान हिसावको विवरण

विवरण	समूह		बैंक	
	यस वर्ष रु.	गत वर्ष रु.	यस वर्ष रु.	गत वर्ष रु.
ब्याज आम्दानी	२३,९४९,०९४,७८८	१९,५८२,९७६,९२१	२३,९४८,६८४,७५५	१९,५८२,६०३,३०९
ब्याज खर्च	१५,७५१,६६७,६९१	११,२२५,७५५,८५३	१५,७५३,०२५,७५१	११,२२६,६६३,८००
खुद ब्याज आम्दानी	**८,१९७,४२७,०९७**	**८,३५७,२२१,०६८**	**८,१९५,६५९,००४**	**८,३५५,९३९,५०९**
फि तथा कमिशन आम्दानी	१,३७१,८५९,१७५	१,४६४,२८६,१३२	१,३७१,८५९,१७५	१,४६४,२८६,१३२
फि तथा कमिशन खर्च	२१३,६४९,१९५	५६,१८७,२४७	२१३,६४९,१९५	५६,१८६,३८७
खुद फि तथा कमिशन आम्दानी	**१,१५८,२०९,९८०**	**१,४०८,०९८,८८४**	**१,१५८,२०९,९८०**	**१,४०८,०९९,७४४**
खुद ब्याज, फि तथा कमिशन आम्दानी	**९,३५५,६३७,०७७**	**९,७६५,३१९,९५२**	**९,३५३,८६८,९८४**	**९,७६४,०३९,२५३**
खुद व्यापारिक आम्दानी	१३९,०८७,३५०	-२५७,५३८,६५०	११५,५२१,३१८	-२३२,४५८,१२४
अन्य संचालन आम्दानी	१३१,९२४,५२१	२३४,९८१,०१८	१३१,७८८,८७५	२३४,७६२,९१६
कुल संचालन आम्दानी	**९,६२६,६४८,९४८**	**९,७४२,७६२,३२०**	**९,६०१,१७९,१७७**	**९,७६६,३४४,०४६**
कर्जा तथा अन्य नोक्सानी व्यवस्था/(उल्ट्याइएको)	१,४५८,१७३,७९३	९९२,७६४,७४०	१,४५८,१७३,७९३	९९२,७६४,७४०
खुद संचालन आम्दानी	**८,१६८,४७५,१५५**	**८,७४९,९९७,५८०**	**८,१४३,००५,३८४**	**८,७७३,५७९,३०६**
संचालन खर्च				
कर्मचारी खर्च	३,६२३,७३९,९१७	३,८२६,३८७,००८	३,६२०,७२६,४३४	३,८२३,९१६,२९९
अन्य संचालन खर्च	९९६,३८४,३८५	८७३,७३७,८६१	९९५,६९०,०३६	८७२,३०६,७७५
ह्रासकट्टी तथा परिशोधन	४८७,१२१,७५८	४७२,९६६,७९२	४८७,०८४,०५०	४७२,९५१,१४८
संचालन मुनाफा	**३,०६१,२२९,०९५**	**३,५७६,९०५,९१९**	**३,०३९,५०४,८६४**	**३,६०४,४०५,०८४**
गैर संचालन आम्दानी	१०१,७४४,६२३	२४१,०७१,६९७	१०१,७४४,६२३	८७,५३०,८४८
गैर संचालन खर्च	२६,३६६,२४४	५१,५४६,५५४	२६,३६६,२४४	५१,५४६,५५४
आयकर अघिको मुनाफा	**३,१३६,६०७,४७४**	**३,७६६,४३१,०६२**	**३,११४,८८३,२४३**	**३,६४०,३८९,३७७**
आयकर खर्च	१,७९७,०२०,८६०	१,४७३,७७५,९०८	१,७९१,४७२,१९१	१,४१४,६२३,४२९
चालु कर	१,६३४,०३०,७८०	१,७५१,०२५,७०८	१,६३३,०७८,५६७	१,६८४,६९६,२३१
स्थगन कर	१६२,९९०,०८०	-२७७,२४९,८००	१५८,३९३,६२४	-२७०,०७२,८०२
यस अवधिको नाफा	**१,३३९,५८६,६१४**	**२,२९२,६५५,१५४**	**१,३२३,४११,०५२**	**२,२२५,७६५,९४८**
मुनाफाः				
बैंकको इक्विटीहोडरको लागि	१,३३८,४३६,२७८	२,२९४,११४,४४८	१,३२३,४११,०५२	२,२२५,७६५,९४८
अल्पसंख्यक समूहको लागि	१,१५०,३३६	-१,४५९,२९४		-
यस अवधिको नाफा	१,३३९,५८६,६१४	२,२९२,६५५,१५४	१,३२३,४११,०५२	२,२२५,७६५,९४८
प्रति शेयर आम्दानी				
बेशिक प्रति शेयर आम्दानी	**७।५४**	**१४।९१**	**७।४२**	**१४।४१**
डाइलुटेड् प्रति शेयर आम्दानी	**७।५४**	**१४।९१**	**७।४२**	**१४।४१**

अन्य विस्तृत आम्दानीको विवरण

विवरण	समूह		बैंक	
	यस वर्ष रु.	गत वर्ष रु.	यस वर्ष रु.	गत वर्ष रु.
यस अवधिको नाफा	१,३३९,५८६,६१४	२,२९२,६५५,१५४	१,३२३,४११,०५२	२,२२५,७६५,९४८
अन्य विस्तृत आम्दानी, कर पछिको खुद				
क) नाफा/नोक्सान हिसावमा पुनवर्गिकरण नहुने शीर्षकहरु				
इक्विटी लगानीको फेयर भ्याल्यू मापनको कारणले भएको नाफा/(नोक्सान)	२,१२२,८८१,४०९	-९६,६३९,६८७	१,९४५,२९९,३८७	-९३,५०२,९१६
पुनर्मूल्यांकनमा नाफा/(नोक्सान)				
परिभाषित लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान)	-६६५,१२७,४८२	५४,९०८,२४१	-६६५,१२७,४८२	५४,७७६,६८६
माथिका शीर्षकहरुसँग सम्वन्धित आयकर	-४२८,२९८,९६२	१२,३८६,१५९	-३८४,०५१,५७२	११,६१७,८६९
नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण नहुने खुद अन्य विस्तृत आम्दानी	**१,०२९,४५४,९६५**	**-२९,३४५,२८६**	**८९६,१२०,३३३**	**-२७,१०८,३६१**
ख) नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण हुने वा हुनसक्ने शीर्षकहरु				
सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्ति रुपान्तरणबाट भएको				
माथिका शिर्षकहरुसँग सम्वन्धित आयकर				
नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण				
नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण हुने वा हुनसक्ने खुद अन्य विस्तृत आम्दानी